नेपाल राष्ट्र बैंक समाचार

वर्ष ५० | अङ्क १० | असार २०८३ | जुन-जुलाई २०२६

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले जेठ २२ गते काठमाडौंमा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र सम्पत्ति शुद्धीकरण निवारण समितिका संयोजकहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले सम्पत्ति शुद्धीकरणका प्रवृत्तिलाई निरुत्साहित तुल्याउनका निम्ति बैंकिङ प्रणाली सबल हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरणका विभिन्न अन्तर्राष्ट्रिय घटनाक्रमबारे चर्चा गर्दै गभर्नर पौडेलले सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा कानुनी र नीतिगत व्यवस्थाको प्रभावकारी पालनाप्रति बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, “वित्तीय संस्थालाई प्रयोग गरेर कसैले गैरकानुनी कारोबार गरिरहेका हुन सक्छन् । त्यसप्रति तपाईंहरू सचेत रहनुपर्छ ।” वित्तीय कारोबारका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाबाट हुने रिपोर्टिङ प्रणाली प्रभावकारी हुनुपर्ने उल्लेख गर्दै गभर्नर पौडेलले त्यसका लागि आफ्ना कर्मचारीलाई सधैं ‘अलर्ट’ राख्न प्रमुख कार्यकारी अधिकृतहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यस क्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रतिनिधि प्रकाशचन्द्र सापकोटाले 'Contemporary Issues on AML/CFT Regime: Law Enforcement Perspective' विषयक कार्यपत्र प्रस्तुत गर्दै वित्तीय अपराधका उदीयमान प्रवृत्ति, अनुसन्धानमा देखिएका समस्याबारे चर्चा गर्नुभयो । यस्तै, नेपाल बैंकर्स एसोसिएसनका सदस्य रामचन्द्र खनालले 'AML/CFT in Banking: Implementation Challenges and Policy Expectation' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नीतिगत व्यवस्था, तिनको कार्यान्वयन पक्ष, ग्राहक पहिचान, गो-एएमएल रिपोर्टिङ लगायतका विषयमा जानकारी दिनुभयो ।

यसै गरी, कानुन महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेले 'Misuse of FIs for ML: Legal and Judicial Perspective' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी अभ्यास, विभिन्न मुलुकका न्यायिक दृष्टिकोण, नेपालका अदालतबाट भएका फैसलाबारे चर्चा गर्नुभयो । सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका उप-निर्देशक सौनभ श्रेष्ठले 'Major Comments Raised During Onsite AML/CFT Supervision' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यपत्रमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नियामकीय व्यवस्था, सुपरिवेक्षणका क्रममा भेटिएका कैफियतबारे चर्चा गरिएको थियो ।


कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल र वित्तीय जानकारी इकाइका निर्देशक वासुदेव भट्टराईले सहभागीबाट राखिएका जिज्ञासा र सुझावमाथि सम्बोधन गर्दै सम्पत्ति शुद्धीकरण निवारणका विविध पक्षबारे प्रकाश पार्नुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेलले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर किरण पण्डित, विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशक लगायतको उपस्थिति थियो । सो अवसरमा महाशाखाका प्रमुख राजनदेव भट्टराईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक मनोज गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आ.व. २०८२/८३ को निम्ति जारी गरिएको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले २०८३ जेठ १ गते उक्त समीक्षा सार्वजनिक गरेको हो।

विदेशी विनिमय सञ्चिति र मुद्रास्फीति यस बैंकको लक्ष्यअनुरूप नै रहने प्रक्षेपणको आधारमा न्यून आर्थिक वृद्धिको स्थितिलाई दृष्टिगत गरी चालु आर्थिक वर्षको सुरुआतदेखि नै लिइएको लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको नीतिमा उल्लेख छ। समीक्षाका क्रममा ब्याजदर करिडोर, बैंकदर, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थाहरू यथावत् राखिएको छ। ब्याजदर करिडोरलाई थप प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइने स्थायी निक्षेप सुविधासम्बन्धी व्यवस्था पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ।




चालु आर्थिक वर्षको मौद्रिक नीति र सोको समीक्षामा गरिएका व्यवस्थाबाट मूल्य, बाह्य क्षेत्र र वित्तीय क्षेत्र स्थायित्व कायम हुँदै आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अपेक्षा बैंकले राखेको छ।

अर्थतन्त्रको बाह्य क्षेत्र सहज स्थितिमा रहे तापनि नेपालमा करिब ४० प्रतिशत विप्रेषण आप्रवाह पश्चिम एसियाबाट भित्रिने गरेकाले सो क्षेत्रमा जारी तनाव कायम रहेमा विप्रेषण आप्रवाह प्रभावित हुने र इन्धन तथा आयातित वस्तुको मूल्य वृद्धि भई व्यापार घाटा विस्तार हुने समेतका कारण विदेशी विनिमय सञ्चितिमा दबाब पर्ने जोखिम रहेको समीक्षामा उल्लेख छ।

विगत तीन वर्षदेखि वित्तीय प्रणालीमा अधिक तरलता रहेको सन्दर्भमा विभिन्न समष्टिगत आर्थिक परिसूचकमा पर्न सक्ने प्रभावलाई व्यवस्थापन गर्न आवश्यक कदमका लागि बैंक सजग रहेको जनाइएको छ। ■

# 'एकीकृत निर्देशन, २०८२' मा संशोधन


नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८२' मा संशोधन तथा परिमार्जन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले जेठ ८ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ। संशोधनका क्रममा इ.प्रा. निर्देशन नं. २१ मा उल्लिखित 'सरल बैंकिङसम्बन्धी व्यवस्था'लाई थप व्यवस्थित बनाइएको छ।

संशोधित व्यवस्थाअनुसार, ज्येष्ठ नागरिक, अपाङ्ग र साक्षर नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रुपले बैंकिङ सुविधा उपलब्ध गराउन इजाजतपत्रप्राप्त संस्थाले त्यस्ता ग्राहकका लागि विशेष काउण्टर तोकी सेवा प्रदान गर्नुपर्नेछ। साथै, संस्थाले एक आपसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक शाखा अपाङ्गमैत्री बनाउनुपर्ने र त्यस्तो शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्थाले एक आपसमा सहकार्य गरी एटीएम लाउञ्ज भएका स्थानमा Braille Signs Control Buttons र Audio Support सहितको कम्तीमा एक अपाङ्गमैत्री एटीएम राख्न राष्ट्र बैंकले निर्देशन दिएको छ।

अपाङ्गता भएका व्यक्तिले एटीएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता वित्तीय सेवाहरू व्यक्ति स्वयम्ले उक्त सेवा उपयोग गर्न सक्ने स्वघोषणा गरेको खण्डमा इजाजतपत्रप्राप्त संस्थाले त्यस्तो सेवा निज व्यक्तिलाई उपलब्ध गराउनुपर्नेछ। साथै संस्थाले आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ एप दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्ने पछिल्लो परिपत्रमा उल्लेख छ। संस्थाले इजाजतपत्रप्राप्त संस्थाले आफूले जारी गर्ने डेबिट/क्रेडिट कार्डमा दृष्टिविहीनमैत्री 'Tactile Features' राख्नुपर्ने जनाइएको छ।

यसै गरी, बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा अतिरिक्त कार्यालय समयसम्बन्धी व्यवस्था थप गरिएको छ। जसअनुसार बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीलाई प्रचलित



नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/१५/०८२/८३

मिति : २०८३/०२/२७

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

कानुन तथा यस बैंकको निर्देशन नं. १४ को बुँदा नं. ३. बमोजिम हुनेगरी काममा लगाउनुपर्ने र कार्यालय समयका अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्थाबमोजिम अतिरिक्त पारिश्रमिक प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ। साथै, कर्मचारीलाई कार्यालय समयका अतिरिक्त समयमा काम गर्न बाध्य पार्न नपाइने समेत निर्देशनमा उल्लेख छ।

साथै, विभागले जेठ २७ गते एकीकृत निर्देशनमा संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाले नापी कार्यालयबाट प्राप्त गर्ने सेवाहरू जस्तैः जग्गाको नक्सा, फिल्डबुक र प्लट रजिष्टर प्रिन्ट लिन तथा सोसँग सम्बन्धित राजस्व अनलाईनमार्फत भुक्तानीका लागि 'मेरो कित्ता' प्रणालीमा संस्थागत प्रयोगकर्ता बन्नुपर्ने व्यवस्था गरेको छ। ■

# गुल्मीमा 'ऋणीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम'

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले जेठ ७ गते गुल्मीको रिडीमा 'ऋणीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो। गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा गभर्नर पौडेलले निक्षेप तथा कर्जाको ब्याजदर, उत्पादनशील क्षेत्रमा विप्रेषणको प्रयोग, अनलाइन भुक्तानी कारोबार, वित्तीय पहुँच विस्तार लगायतका विषयमा धारणा राख्नुभयो। सो अवसरमा महाशाखाका उप-निर्देशक शिव रेग्मीले 'ऋणीसँग नेपाल राष्ट्र बैंक' विषयक कार्यपत्र प्रस्तुत गर्दै ऋणको आवश्यकता र उपयोगिता, ऋण लिने प्रक्रिया, जमानी तथा ऋणीको अधिकार र दायित्वसम्बन्धी विषयबारे जानकारी दिनुभयो।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, ऋणी, स्थानीय उद्योगी, व्यवसायी लगायतको उपस्थिति थियो। कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो। कार्यक्रममा रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीको समेत उपस्थिति थियो।




सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक मुक्तिनाथ सापकोटाले स्वागत मन्तव्यसँगै सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभयो भने सहायक निर्देशक रोशन न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# पोखरामा लक्षित समूह छलफल



आर्थिक अनुसन्धान विभागले वैशाख २२ गते पोखरामा बैंक तथा वित्तीय संस्थाको वर्गीकरणसम्बन्धी विद्यमान व्यवस्थामा समसामयिक सुधार गर्नुपर्ने आवश्यकताका सम्बन्धमा लक्षित समूह छलफल आयोजना गऱ्यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा गण्डकी प्रदेशस्थित आर्थिक मामिला मन्त्रालय र प्रदेश योजना आयोगका अधिकारी, पृथ्वी नारायण क्याम्पस र पोखरा विश्वविद्यालयका प्राध्यापक, अर्थविद्, शोधकर्ता, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, बीमा व्यवसायीलगायतका प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा विभागका का.मु निर्देशक डा. गुणराज भट्टले बैंक तथा वित्तीय संस्थाको वर्गीकरणसम्बन्धी अध्ययनको रूपरेखा र अन्तर्राष्ट्रिय अभ्याससहितको सङ्क्षिप्त प्रस्तुति दिनुभयो। उक्त प्रस्तुतिमाथि सहभागीहरूबीच छलफल भएको थियो। विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै छलफल सत्रको सहजीकरण गर्नुभयो।

सो अवसरमा गभर्नर पौडेलले धन्यवाद ज्ञापनसहित समापन मन्तव्य राख्नुभयो भने विभागका उप-निर्देशक डा. सुरेशकुमार दहालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# विदेशी विनिमय तथ्याङ्क रिपोर्टिङसम्बन्धी अनुशिक्षण




विदेशी विनिमय व्यवस्थापन विभागले जेठ २० गते काठमाडौंमा विदेशी विनिमय तथ्याङ्क रिपोर्टिङसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलको उपस्थितिमा आयोजित कार्यक्रममा वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकका रिपोर्टिङ अधिकृतहरूको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक यज्ञ श्रेष्ठले 'विदेशी विनिमय कारोबारसम्बन्धी एकीकृत परिपत्र, २०८२' मा उल्लिखित तथ्याङ्क रिपोर्टिङका व्यावहारिक पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै, विभागका सहायक निर्देशक दिनेशप्रसाद भण्डारीले सोही परिपत्रका तथ्याङ्क रिपोर्टिङसम्बन्धी सैद्धान्तिक पक्षबारे प्रस्तुति दिनुभयो ।

कार्यपत्र प्रस्तुतिपश्चात्को छलफलमा सहभागीका तर्फबाट रिपोर्टिङ पोर्टललाई समयसापेक्ष सुधार गर्नुपर्ने, विद्युतीय माध्यमबाट रिपोर्टिङ गर्ने व्यवस्था गरी सो प्रक्रियालाई सहजीकरण गर्नुपर्ने लगायतका विषयमा जिज्ञासा र धारणा राखिएको थियो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक र निर्देशकले सहभागीका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पोखेलले नीति निर्माणमा तथ्याङ्कको महत्त्वबारे चर्चा गर्दै परिपत्रमा उल्लिखित व्यवस्थाबमोजिम नियमित रिपोर्टिङ गर्न बैंक तथा वित्तीय संस्थाका रिपोर्टिङ अधिकृतहरूलाई आग्रह गर्नुभयो ।

विभागका निर्देशक बुद्धराज शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक गोपीकृष्ण अर्यालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# कालिमाटीमा मूल्य तथ्याङ्कसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले जेठ २ गते काठमाडौं बजार केन्द्रको कालिमाटीमा मूल्य तथ्याङ्कसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका निर्देशक माधव दंगाल, राष्ट्रिय तथ्याङ्क कार्यालयका उप-प्रमुख तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछाने, निर्देशक ज्ञानेन्द्र बज्राचार्य, अर्थ मन्त्रालयका उप-सचिव हिक्मत भण्डारी, कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिका प्रतिनिधि, मूल्य तथ्याङ्क सङ्कलक शिक्षक, स्रोत पसलका धनी, स्थानीय शिक्षक, व्यवसायी लगायतको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक खरेलले तोकिएका पसलबाट निर्धारित समयभित्रै यथार्थ मूल्य सङ्कलन गर्न मूल्य सङ्कलक शिक्षकहरूलाई आग्रह गर्नुभयो । साथै, उहाँले यथार्थ मूल्य विवरण उपलब्ध गराउन व्यवयीहरूलाई समेत अनुरोध गर्नुभयो ।

विभागका निर्देशक दंगालले नेपाल राष्ट्र बैंकबाट प्रकाशन हुने मूल्य सूचकाङ्कबारे जानकारी दिँदै स्रोत पसलका भूमिकाबारे चर्चा गर्नुभयो । उप-प्रमुख तथ्याङ्क अधिकारी लामिछानेले स्रोत पसलधनीबाट प्राप्त हुने तथ्याङ्कहरू मूल्य तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य रहने आश्वासन दिनुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक सुदीप त्रिपाठीले मूल्य तथ्याङ्कको आवश्यकता, महत्त्व र तथ्याङ्क सङ्कलनमा देखिएका समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । ■

# अवलोकन भ्रमण र वित्तीय साक्षरता कार्यक्रम सम्पन्न




वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले जेठ ५ गते विद्यार्थीहरूको सहभागितामा बैंकको केन्द्रीय कार्यालयको अवलोकन भ्रमण र वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

काठमाडौंको तारकेश्वरस्थित एन्जल्स हार्ट स्कुलका विद्यार्थीको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा महाशाखाका सहायक निर्देशक डिना खड्काले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त र प्राथमिकता निर्धारण, विप्रेषण कारोबार, बीमा, वित्तीय अनुशासन, डिजिटल भुक्तानी, ठगी लगायतका विषयमा जानकारी दिनुभयो । यसै गरी, सहायक निर्देशक मेरिना नेपालीले जाली नोट पहिचानसम्बन्धी व्यवस्थाबारे स्पष्ट पार्नुभयो ।

महाशाखाका निर्देशक शिखा अधिकारी रेग्मीले समापन मन्तव्य राख्दै भविष्यमा सही वित्तीय निर्णयका निम्ति सक्षम तुल्याउन विद्यालय तहदेखि आधारभूत वित्तीय ज्ञानको जग आवश्यक रहेको धारणा राख्नुभएको थियो । ■

# जनकपुरमा नोटकोष कारोबार व्यवस्थापनसम्बन्धी अनुशिक्षण



मुद्रा व्यवस्थापन विभागले जेठ ४ गते जनकपुरमा 'नोटकोष कारोबार व्यवस्थापन' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक अनुज दाहालको उपस्थितिमा आयोजित कार्यक्रममा मुद्रा व्यवस्थापन विभाग, जनकपुर, विराटनगर र वीरगञ्ज कार्यालयसँगै नोटकोष कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका १९ र नेपाल बैंक लिमिटेडका ६ वटा शाखाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा विभागका उप-निर्देशक रेशमबहादुर बल्छौडीले नोटकोष कारोबार व्यवस्थापनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् आयोजित छलफल सत्रमा नेपाल बैंक लिमिटेडका वरिष्ठ सहायक किरण घिमिरेले अनुशिक्षण कार्यक्रमबाट नोटकोष कारोबार व्यवस्थापनबारे थप स्पष्ट हुने अवसर मिलेको प्रतिक्रिया दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक दाहालले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै नोटकोष कारोबारसम्बन्धी प्रत्यायोजित अधिकारलाई प्रभावकारी ढङ्गले प्रयोग गर्न सम्बद्ध बैंकका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो ।

सो अवसरमा जनकपुर कार्यालयका का.मु. निर्देशक पुनिता मण्डलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक पूर्णबहादुर शाहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जागिरे जीवनका अनुभूतिहरू

भोलाराम श्रेष्ठको परिचय नेपाल राष्ट्र बैंकको 'अवकाशप्राप्त कार्यकारी निर्देशक'को रूपमा मात्र सीमित छैन । नेपालको वित्तीय प्रणालीका विविध पक्षबारे नियमित कलम चलाइरहने लेखकका रूपमा धेरैले श्रेष्ठलाई चिनेका छन् । यही परिचयलाई थप फराकिलो पार्नेगरी हालसालै उहाँको एउटा पुस्तक प्रकाशित भएको छ, *'नेपाल राष्ट्र बैंकमा तीन दशकः अनुभव तथा अनुभूति'* ।


४६५ पृष्ठ समेटिएको उक्त पुस्तक १० वटा खण्डमा विभाजित छ । पुस्तकमा लेखकले राष्ट्र बैंकको तीन दशक (वि.सं. २०३६-२०६६) लामो सेवाकालका आरोह-अवरोहलाई मात्र समेटिएको छैन, उतिबेला राष्ट्र बैंकमा अवलम्बन गरिएका महत्त्वपूर्ण नीतिगत व्यवस्था, तिनका उपलब्धि, केन्द्रीय बैंक तथा समग्र बैंकिङ क्षेत्रको संस्थागत विकास, कार्य सञ्चालन प्रक्रिया, विभिन्न गभर्नरका नेतृत्वकालमा भएका सुधारका प्रयास र तत्कालीन समयका चर्चित घटनाक्रमलाई समेत उजागर गरेको छ ।

उतिबेला बैंकमा महत्त्वपूर्ण नीतिगत व्यवस्था लागु गर्नुपूर्व विभिन्न तहमा सघन अध्ययन र छलफल हुने गरेका सन्दर्भहरू पुस्तकमा छन् । विदेशी लगानीका बैंकलाई स्वीकृति दिनुपूर्व भएका सघन छलफल र तयारी यसको एउटा उदाहरण हो । त्यसको निम्ति विभिन्न चार वटा मुलुकका केन्द्रीय बैंकको अभ्यासलाई मात्र अध्ययन गरिएको थिएन, त्यसबाट मुलुकको अर्थतन्त्रमा पार्न सक्ने प्रभावबारे तत्कालीन राजा वीरेन्द्रको तहसम्म पुगेर विभिन्न चरणमा छलफल भएको प्रसङ्गलाई पुस्तकमा समेटिएको छ । नेपालमा विभिन्न चरणमा लागु गरिएका 'वित्तीय क्षेत्र सुधार कार्यक्रम' र तिनका उपलब्धिलाई पुस्तकमा चर्चा गरिएको छ ।

'डलर काण्ड'का नामले २०४१ सालको एउटा बहुचर्चित घटनाक्रमलाई लेखकले विस्तारमा चर्चा गर्नुभएको छ । एक अर्ब अमेरिकी डलर बराबरको रकम आठ प्रतिशत ब्याजदरमा नेपाल भित्र्याउने र त्यो रकमलाई थप ब्याज प्राप्त हुनेगरी विदेशी बैंकमा लगानी गर्नका निम्ति विदेशको कुनै शङ्कास्पद समूहको अपत्यारिलो प्रस्ताव उतिबेला आएको रहेछ । त्यो प्रस्ताव 'राष्ट्रहित विपरीत' हुने र स्वीकार गर्न नसकिने अडान राख्दा तत्कालीन गभर्नर कल्याणविक्रम अधिकारी बर्खास्तीको शिकार हुनुपरेको सन्दर्भलाई पुस्तकमा प्रस्तुत गरिएको छ ('नेतृत्वमाथि कालो बादलको छाया':पृष्ठ १०४-१११) ।

राष्ट्र बैंक स्थापनाका प्रारम्भिक काल र लेखक आफू बैंक सेवा प्रवेश हुनुअघिका बैंकका विविध पाटाहरू पनि पुस्तकमा समेटिएका छन् । त्यसो त उक्त पुस्तकमा लेखक आफूले देखेभोगेका अनुभव मात्र छैनन्, आफूभन्दा अग्रज कर्मचारीबाट सुनेका घटनाक्रमलाई समेत उहाँले पुस्तकमा अभिलेखित गर्नुभएको छ । जस्तो कि; बालुवाटारको 'ललिता निवास' र थापाथलीको 'सिंहमहल'मा स्थानान्तरण हुनुपूर्व राष्ट्र बैंक कहाँबाट सञ्चालन हुन्थ्यो ? उतिबेला बैंकको कार्य संरचना कस्तो थियो ? स्थापनाकालमा बैंकका गभर्नर र अन्य कर्मचारीका तलब-भत्ता र अन्य सुविधा कति हुन्थ्यो ? ती प्रसङ्गहरू घतलाग्दा किसिमले पुस्तकमा प्रस्तुत भएका छन् ('मैले सुनेको र देखेको उहिलेको नेपाल राष्ट्र बैंक': पृष्ठ ६८-८०) ।

लेखक श्रेष्ठको राष्ट्र बैंक 'करिअर' नै तत्कालीन गभर्नर कल्याणविक्रम अधिकारीको 'निजी सचिव'बाट आरम्भ भएको देखिन्छ । आफ्नो सेवा




अवधिको दुई तिहाइ अंश गभर्नरको कार्यालयमा बिताउँदा श्रेष्ठको बढीजसो जिम्मेवारी गभर्नरको सचिव र केही समय सञ्चालक समितिको सचिवको रूपमा समेत रह्यो । त्यस क्रममा गभर्नर अधिकारीसँगै गणेशबहादुर थापा, हरिशङ्कर त्रिपाठी र सत्येन्द्रप्यारा श्रेष्ठको निकट रहेर काम गर्दाका विभिन्न अनुभूतिलाई लेखकले पुस्तकमा स्मरण गर्नुभएको छ । साथै, कल्याणविक्रम अधिकारीदेखि दीपेन्द्रबहादुर क्षेत्रीसम्मका गभर्नरको व्यक्तित्वका विविध पक्षलाई समेत आफ्ना अनुभूतिमा समेट्नुभएको छ । साथै ती गभर्नरको नेतृत्वकालमा राष्ट्र बैंकमा कस्ता नीतिगत अभ्यासको थालनी भए ? ती प्रसङ्ग पनि प्रस्तुत पुस्तकमा भेटिन्छन् । त्यसबाहेक आफ्नो अवकाशपछिका गभर्नरहरू डा. युवराज खतिवडा, डा. चिरञ्जीवी नेपाल, महाप्रसाद अधिकारी र वर्तमान गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको नेतृत्वमा अवलम्बन भएका महत्त्वपूर्ण नीतिगत प्रयासको चर्चा समेत पुस्तकमा गरिएको छ ।

२०४९ सालमा तत्कालीन सरकारले निजामती सेवामा लागु गरेको 'अवकाश योजना'ले राष्ट्र बैंकमा पारेको प्रभावको प्रसङ्ग पुस्तकमा उठाइएको छ । राष्ट्र बैंकमा कर्मचारीका विभिन्न सङ्गठन स्थापनाका पृष्ठभूमि पनि पुस्तकमा समेटिएको छ । २०५५ सालदेखि बैंक तथा वित्तीय संस्थाको स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण पद्धतिको सुदृढीकरणका निम्ति भएका नीतिगत प्रयासको जानकारी पुस्तकले दिएको छ । निजी स्तरमा खुलेको पहिलो विकास बैंक 'नेपाल विकास बैंक लिमिटेड'लाई खारेज गरिएको प्रसङ्गबारे चर्चा गरिएको छ ।

नेपाली साहित्यमा 'यात्रा संस्मरण'लाई धेरै पढिने र रुचाइने विधा मानिन्छ । प्रस्तुत पुस्तकको सातौँ खण्डमा लेखकका यात्रा संस्मरणलाई समेटिएको छ । वैदेशिक तालिम/सेमिनारमा सहभागी हुने क्रममा डेढ दर्जन मुलुकको यात्राका रोचक अनुभूतिलाई लेखकले शब्दमा उतार्नुभएको छ ।

उक्त पुस्तकको अर्को पठनीय विषयवस्तु चाहिँ लेखकको जागिरे जीवनका उतारचढाव पनि हुन् । आईएनजीओबाट ट्राभल एजेन्सी हुँदै कृषि विकास बैंकको छ वर्ष अनुभव र तत्पश्चात् राष्ट्र बैंकतर्फ मोडिएका प्रसङ्गहरू आफैँमा प्रेरक लाग्छन् । लेखक श्रेष्ठको जन्मथलो बनेपाको सामाजिक परिवेश र सांस्कृतिक विशेषतासँगै आफ्नो बाल्यकाल, विद्यालय र कलेज जीवनका अनुभूति तथा संघर्षहरू पुस्तकमा उतारिएका छन् । पुस्तकमा चौथो गभर्नर डा. भेषबहादुर थापादेखि वर्तमान गभर्नर प्रा.डा. विश्वनाथ पौडेलसम्मका शुभकामना सन्देश प्रकाशित छन् ।

भाषिक शुद्धता कायम राख्ने लेखकको प्रयासका बाबजुद पुस्तकमा कतिपय त्रुटिहरू छन् । आगामी संस्करणमा त्यसलाई सच्याउने मौका लेखकसँग छ । समग्रमा नेपाल राष्ट्र बैंकको संस्थागत विकासक्रम र महत्त्वपूर्ण नीतिगत व्यवस्था, वित्तीय क्षेत्रको सुदृढीकरणका निम्ति भएका प्रयास, विभिन्न कालखण्डका घटनाक्रम जस्ता पक्षबारे रुचि राख्ने अध्येता, बैंकर, कर्मचारी, विद्यार्थी र अन्य सरोकारवालाका निम्ति यो पुस्तक एउटा महत्त्वपूर्ण सन्दर्भ स्रोत बन्न सक्ने देखिन्छ । लेखक श्रेष्ठद्वारा लिखित यो दोस्रो पुस्तक हो । यसअघि उहाँको *'नेपालको वित्तीय प्रणालीः एक पर्यावलोकन'* पुस्तक प्रकाशन भएको थियो । ■

**लालकुमार सुवेदी**

# धनगढीमा समसायिक विषयमा अन्तरक्रिया




धनगढी कार्यालयले जेठ ७ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका निर्देशक केशवबहादुर केसीको अध्यक्षतामा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र शाखा प्रबन्धकहरूको सहभागिता थियो।

सो अवसरमा सहायक निर्देशक भोजराज भट्टले अर्थतन्त्रका परिसूचकको विद्यमान अवस्था, प्रादेशिक आर्थिक तथ्याङ्क, वित्तीय ग्राहकका गुनासो लगायतका विषयमा प्रस्तुति दिनुभयो। कार्यक्रममा सहभागीका तर्फबाट बढ्दो निष्क्रिय कर्जा अनुपात र बैंकिङ क्षेत्रका समसामयिक विषयमा आ-आफ्नो धारणा राखिएको थियो।

सो अवसरमा निर्देशक केसीले बैंकिङ क्षेत्रका जोखिम र निष्क्रिय कर्जा अनुपातबारे चर्चा गर्दै बैंक तथा वित्तीय संस्थाले विवेकपूर्ण ढङ्गले आफ्ना कार्य सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। कार्यालयका प्रधान सहायक सहदेव भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न


सुर्खेत कार्यालय

विभिन्न विभाग/कार्यालयले २०८३ जेठ महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा सुर्खेत कार्यालयले जेठ ७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक बाबुराम बोहोराले 'AI and Cybersecurity: Ethical Practices in Today's Workplace' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले एआईको अवधारणा, एआई प्रयोगका उपादेयता, यसबाट सिर्जित जोखिम र चुनौती लगायतका विषयमा जानकारी दिनुभयो।

यसै गरी, धनगढी कार्यालयले जेठ ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा सहायक निर्देशक अमितकुमार तिमल्सेनाले 'Payment Systems in Nepal: An Overview' विषयमा वार्ता प्रस्तुत गर्दै नेपालमा भुक्तानी प्रणालीको विकासक्रम, भुक्तानी प्रणालीका कानुनी र नीतिगत व्यवस्था, सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकासमा राष्ट्र बैंकको भूमिका लगायतका विषयमा चर्चा गर्नुभयो।

गभर्नरको कार्यालयले जेठ ११ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा सूचना प्रविधि विभागका उप-निर्देशक सुरेश पौडेलले 'Cybersecurity: Everyone's Responsibility' विषयमा कार्यपत्र


धनगढी कार्यालय

प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले साइबर आक्रमणसम्बन्धी विश्वव्यापी आँकडा, यसका प्रवृत्ति, साइबर जोखिमका किसिम, यसबाट सिर्जित चुनौती लगायतका विषयमा चर्चा गर्नुभयो ।

यसै गरी, वित्तीय संस्था सुपरिवेक्षण विभागले जेठ १२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा विभागका उप-निर्देशक आलोकज्योति शाक्यले ‘समस्याग्रस्त संस्थाको वर्तमान स्थिति’ विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले समस्याग्रस्त संस्थाको विवरण, विद्यमान कानुनी व्यवस्था, समस्याग्रस्त संस्था घोषणा हुनुका कारणसँगै वर्तमान अवस्था र चुनौतीबारे जानकारी दिनुभयो ।

जनकपुर कार्यालयले जेठ २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक विरेन्द्र डीसीले ‘मधेश प्रदेशको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको समीक्षा’ विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले आर्थिक गतिविधि अध्ययनसम्बन्धी व्यवस्था, मधेश प्रदेशका आर्थिक तथ्याङ्क विश्लेषण, तथ्याङ्क सङ्कलनमा देखिएका समस्या र चुनौतीबारे जानकारी दिनुभएको थियो ।



गभर्नरको कार्यालय


जनकपुर कार्यालय


वित्तीय संस्था सुपरिवेक्षण विभाग

**Major Financial Indicators**

as on Baisakh End, 2083 (Mid-May, 2026)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A.** | **Credit, Deposit Ratios (%)** | | | | |
| 1 | Total Deposit/GDP | 117.85 | 10.55 | 2.28 | 130.67 |
| 2 | Total Credit/GDP | 85.80 | 8.92 | 1.74 | 96.46 |
| 3 | Total Credit/ Total Deposit** | 72.80 | 84.54 | 76.42 | 73.81 |
| 4 | CD Ratio* | 72.02 | 84.11 | 76.16 | 73.06 |
| 5 | Fixed Deposit/Total Deposit | 38.01 | 33.98 | 57.18 | 38.02 |
| 6 | Saving Deposit/Total Deposit | 45.59 | 54.06 | 30.54 | 46.01 |
| 7 | Current Deposit/Total Deposit | 7.44 | 2.65 | 1.21 | 6.94 |
| 8 | Call Deposit/Total Deposit | 8.23 | 9.26 | 11.00 | 8.36 |
| 9 | NPL/ Total Loan^ | 5.41 | 6.13 | 12.19 | 5.60 |
| 10 | Total LLP /Total Loan | 5.86 | 5.67 | 10.62 | 5.93 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.18 | 5.90 | 5.68 | 5.26 |
| **B.** | **Liquidity Ratios (%)** | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.22 | 6.18 | 6.87 | 7.13 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 14.94 | 12.74 | 11.82 | 14.71 |
| 3 | Total Liquid Assets/Total Deposit # | 36.80 | 27.03 | 35.44 | 35.98 |
| **C.** | **Capital Adequacy Ratios (%)** | | | | |
| 1 | Core Capital/RWA | 9.64 | 10.77 | 11.07 | 9.75 |
| 2 | Total Capital/RWA | 12.57 | 13.69 | 14.03 | 12.68 |
| **D.** | **Financial Access** | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 4,963 | 1,119 | 293 | 6,375 |
| 3 | No. of Deposit Accounts | 53,806,378 | 7,830,143 | 1,086,556 | 62,723,077 |
| 4 | No.of Loan Accounts | 1,700,337 | 263,871 | 73,227 | 2,037,435 |
| 5 | No. of Branchless Banking Centers | 713 | 3 | - | 716 |
| 6 | No. of Branchless Banking Customers | 264,524 | 454 | - | 264,978 |
| 7 | No. of Mobile Banking Customers | 25,755,238 | 3,964,356 | 334,642 | 30,054,236 |
| 8 | No. of Internet Banking Customers | 1,798,809 | 613,700 | 20,504 | 2,433,013 |
| 9 | No. of ATMs | 4,769 | 337 | 37 | 5,143 |
| 10 | No. of Debit Cards | 12,454,492 | 1,366,385 | 86,787 | 13,907,664 |
| 11 | No. of Credit Cards | 325,236 | 5,018 | 807 | 331,061 |
| 12 | No. of Prepaid Cards | 276,909 | 4,773 | - | 281,682 |

| | | |
|---|---|---|
| **E.** | **Interest Rate(%)** | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **3.35** |
| | (a) Saving | 2.87 |
| | (b) Fixed | 5.02 |
| | (c) Call | 0.66 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **6.73** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2082/83 (2025/26)

#Calculation method is revised; liquid assets are derived from FN 9 (CAF 2015) and FN 8 (CAF 2007)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले जेठ महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले वैशाख ३१ देखि जेठ १ गतेसम्म थापाथलीमा 'ECL Model Review: Supervisory Perspectives' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। छ वटा सत्रमा सञ्चालित उक्त तालिममा Expected Credit Loss (ESL) र Effective Interest Rate (EIR) को अवधारणा, यसका मोडेल, सोसम्बन्धी नियामकीय र सुपरिवेक्षकीय दृष्टिकोण लगायतका पक्षबारे सहभागीलाई प्रशिक्षण दिइएको थियो। तालिममा विभिन्न विभागका ३० जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, केन्द्रले जेठ ४ देखि ६ गतेसम्म थापाथलीमा 'Financial Stability and Macroprudential Regulation' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो।



नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा ३० जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा वित्तीय स्थायित्वको परिचय, समष्टिगत विवेकशील नीति र उपकरण, वित्तीय क्षेत्रका जोखिम, वित्तीय सङ्कट, वित्तीय निगरानी लगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो।

केन्द्रले जेठ १८ देखि २० गतेसम्म थापाथलीमा 'Consumer Protection and Market Conduct Supervision' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो। तालिममा वित्तीय समावेशीकरणको परिचय, वित्तीय समावेशीकरण नीति, वित्तीय साक्षरता, डिजिटल वित्तीय सेवा, ग्राहक संरक्षण, बजार आचरणगत सुपरिवेक्षणका विविध पक्षबारे जानकारी दिइएको थियो। ■

## बढुवा

आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बैंकका चार जना उप-निर्देशकहरू निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनुभएको छ।

यसरी बढुवा हुनेमा नन्दकुमार ढकाल, खगेश्वर भण्डारी, गुणराज भट्ट र विवेक कोइराला हुनुहुन्छ।

यसै गरी, आन्तरिक प्रतियोगिताबाटै सहायक निर्देशकहरू सृष्टि तिवारी, पुष्पचन्द्र खनाल, आकाशा बज्राचार्य, रविन भण्डारी, ध्रुव कार्की, मेरिना श्रेष्ठ, प्रदीपनारायण सिंह र कैलाश राजभण्डारी उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ।

आन्तरिक प्रतियोगितात्मक परीक्षाअन्तर्गत विभिन्न विभाग/कार्यालयमा प्रधान सहायक पदमा कार्यरत १२ जना कर्मचारीहरू सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा विष्णुबहादुर केसी, रचना ज्ञवाली, देवेन्द्र सुवेदी, रामहरि घिमिरे, आशिष ज्ञवाली, कृष्ण केसी, हरि गौतम, राजेन्द्र लम्साल, वासु रिजाल, भविस्वोर पोखरेल, विमल केसी र रमेश ढकाल हुनुहुन्छ।

लोक सेवा आयोगद्वारा लिइएको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा र बैंकबाट लिइएको अन्तरवार्ताका आधारमा जेठ २८ गते उहाँहरूको पदोन्नति भएको हो।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ। ■

## कार्यकारी निर्देशक शाक्यसहित पाँच कर्मचारीको अवकाश

लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नरेश शाक्यले २०८३ जेठ ३० देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ।

२०५४ मङ्सिर २२ गते बैंक सेवा प्रवेश गर्नुभएका शाक्यले लघुवित्त संस्था सुपरिवेक्षण विभागसँगै बैंकिङ, मौद्रिक व्यवस्थापन, मुद्रा व्यवस्थापन, सूचना प्रविधि, मानव संसाधन व्यवस्थापन र आन्तरिक लेखापरीक्षण विभागको नेतृत्व सम्हाल्नुभएको थियो। उहाँले सातवर्षे पदावधि आधारमा अवकाश पाउनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ।

यसै गरी, कानुन महाशाखाका उप-निर्देशक प्रह्लाद खड्का र संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका उप-निर्देशक धीरेन्द्रकुमार आरसीले क्रमश: जेठ १० र जेठ २४ देखि अवकाश पाउनुभएको छ। यस्तै, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका प्रधान सहायक पार्वती खरेल जेठ ११ र गभर्नरको कार्यालयका कार्यालय सहयोगी तृतीय खिनबहादुर मगर जेठ २ देखि अवकाश हुनुभएको छ। उहाँहरूले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

**ले-आउट**
संजीव दाहाल